**कर्जा, व्यक्तिगत कर्जा** (समूहमा नबसेका महिलालाई समेत उपलब्ध गराउने) रू.१० लाख सम्मको कर्जा दिन सक्ने ब्यबस्था गरिएको छ ।

## बचत / कोष (Saving Products)

### अनिवार्य बचत (Compulsory Saving)

१) **समूह बचतः** यस बचतमा सदस्यहरूले प्रत्येक केन्द्र बैठकमा नियमित मासिक रूपमा कम्तीमा रू.१०० वा सो भन्दा बढि राख्नु पर्दछ ।

२) **शिक्षा पेन्सन तथा विवाह बचतः** सदस्यहरूले १५ बर्षसम्मका लागि नियमित रूपमा केन्द्र बैठकमा निश्चित रकम उक्त बचत राख्नु पर्ने छ ।

### ऐच्छिक बचत (Optional Saving)

१) **व्यक्तिगत बचतः** व्यक्तिगत बचत सुविधामा सदस्यहरूले आवश्यकता अनुसार आफ्नो व्यक्तिगत बचत खातामा ऐच्छिक बचत गर्न र झिक्न पाउने व्यवस्था रहेको छ । यस बचतमा कम्तीमा रू २०० अनिवार्य राख्नु पर्नेछ ।

२) **पर्व बचतः** जुन चाडवाड तथा पर्वको लागि बचत गरिएको हो सोही पर्वमा मात्र झिक्न सक्ने गरी एकमुष्ट वा पटक पटक गरी पर्व बचत गर्न सक्ने व्यवस्था रहेको छ ।

३) **मातृत्व बचतः** यस बचत अन्तर्गत महिला सदस्यहरू तथा निजका एकाघरका अन्य महिलाहरूलाई सुरक्षित मातृत्व सेवा तथा स्त्रीरोग सम्बन्धी रोगहरूको उपचारका लागि भविष्यमा आवश्यक पर्नसक्ने रकम यस बचतमा जम्मा गर्न सक्नेछ ।

४) **उपकार कोष बचतः** केन्द्रको निर्णयबाट संकलित चन्दा, दण्ड, जरिवाना तथा अन्य सामुहिक रकम उपकार कोषमा जम्मा गर्ने र खर्च गर्ने व्यवस्था रहेको छ ।

५) **केन्द्र कोष बचतः** सदस्यहरूले कर्जा लिदा कर्जा रकमको ५ प्रतिशत रकम केन्द्र कोष बचतमा बचत गर्नुपर्ने व्यवस्था रहेको छ । यस बचतमा जम्मा भएको रकम जम्मा भएको आवश्यकता अनुसार वा समूहबाट हटेका बखत फिर्ता हुनेछ ।

तर शिक्षा पेन्सन तथा विवाह बचत नियमित रूपमा रू २०० भन्दा माथि गर्ने सदस्यलाई ५% केन्द्र बचतमा बचत राख्नु अनिवार्य हुने छैन ।

## योजना (Scheme)

- **जीवन आवास तथा सुत्केरी सुरक्षा योजना** : कार्यक्रममा संलग्न भएपछि सदस्यहरूले जीवन आवास तथा सुत्केरी सुरक्षा योजना कार्यक्रमको लागि प्रत्येक वर्ष रू. १००/- सुरक्षा शुल्क तिर्नु पर्नेछ र सो तिरे वापत यदि यस अवधि भित्र (१ वर्ष भित्र) सदस्यको मृत्यु भएमा सदस्यले रू ५,०००/- देखि रू ८,०००/- सम्म राहत पाउने छन् वा निजको पतिको मृत्यु हुन गएमा सदस्यको हकमा आफुले पाउने रकमको आधा रकम राहत स्वरूप उपलब्ध गराइनेछ । साथै सदस्य आफैं सुत्केरी (बढीमा २ पटक मात्र) भएमा एक पटकमा रू १०००/- वा सदस्य आफू बसेको घर कुनै प्राकृतिक कारण जस्तै बाढी तथा आगोबाट क्षति भएमा रू २०००/- सम्म राहत प्रदान गरिनेछ ।
- **ऋणी सदस्य सुरक्षण कोष** : यस कार्यक्रममा संलग्न भई कर्जा लिई व्यवसाय गर्ने सदस्यको मृत्यु हुन गएमा यस योजना अनुसार सदस्यको बाँकी ऋण मिनाहा हुनेछ ।
- **पशु सुरक्षा योजना** : कर्जाबाट खरिद गरेको चौपाया पशुको पशुधन सुरक्षा गराइनेछ । यसको लागि सुरक्षित (बिमीत) रकमको ६% शुल्क तिर्नु पर्दछ । सुरक्षा योजना अन्तर्गतको पशु मरेमा सुरक्षित (बिमीत) रकमको ८०% उपलब्ध गराइने छ । पशुविमा सुरक्षा योजना निर्देशिका बमोजिम हुनेछ ।

## अन्य सेवा (Other Services)

**विप्रेषण (Remittance):** यस संस्थाले विभिन्न बैक तथा तथा विप्रेषण सेवा प्रदायक संस्थाहरू संग समन्वय तथा सेवा सम्झौता गरी शाखा कार्यालय मार्फत सदस्यहरूको आबश्यकता अनुसारको राष्ट्रिय तथा अन्तराष्ट्रिय विप्रेषण सेवा सुविधा प्रदान गर्दै आएको छ ।

**SMS सेवाः** संस्थाले सदस्यहरूको वित्तीय कारोबारको जानकारी तुरून्त प्रदान गर्नको निम्ति **Mobile SMS** सेवा सुचारू गरिएको छ ।

**तालिम तथा गोष्ठीः** सदस्यहरूलाई उनीहरूको क्षमता वृद्धि गर्न सघाउ पुऱ्याउने उद्देश्यले विभिन्न किसिमको तालिम, अवलोकन भ्रमण, केन्द्र प्रमुख गोष्ठी, पुनर्ताजगी, वित्तीय साक्षरता कार्यक्रम, तालिम आदि कार्यक्रमहरूमा संलग्न गराउदै आएको छ । सिपमूलक तथा आयमूलक तालिमहरू संचालन गर्दै लगिने छ ।

**केन्द्र मूल्याङ्कन तथा पुरस्कारः** केन्द्र सदस्यहरूको हौसला बढाउने उद्देश्यले शाखा/ उपशाखा/केन्द्र स्तरमा वार्षिक केन्द्र मूल्याङ्कन गरिंदै आएको छ र सो को आधारमा प्रत्येक वर्ष प्रथम, द्वितीय र तृतीय हुने शाखास्तर र देशभरको प्रथम, द्वितीय र तृतीय हुनेलाई नगद तथा प्रमाण पत्र प्रदान गरिने छ ।

**जनलेखा परीक्षणः** बढी भन्दा बढी पारदर्शी बनाउन तथा कुनै कमी कमजोरी भएमा सो औंल्याई दिने व्यवस्थाको लागि प्रत्येक वर्ष गाउँपालिका, नगरपालिकास्तरमा जनलेखापरीक्षण गरिन्छ । यस कार्यक्रममा संलग्न सदस्यहरूको साथै स्थानीय बासिन्दा, समाजसेवी, शिक्षक तथा अन्य सरोकारवालाहरूले कार्यक्रमलाई कसरी लिएका छन् र कार्यक्रम सुधारको लागि उनीहरूको कुनै अस्पष्ट धारणा भएमा सो प्रष्ट गराउने उद्देश्यले यस्ता जनलेखा परीक्षण कार्यक्रमको नियमित रूपमा आयोजना गरिन्छ ।

**सामाजिक कार्यः** सदस्यहरूलाई आफ्नो गाउँघर सफा सुग्घर राख्न लगाउन र गाउँ/टोलमा कुनै सामाजिक काम गराउन आवश्यक भएमा सदस्यहरू बीच छलफल गरी भएको निर्णयको कार्यान्वयनको पहल गराइनेछ ।

## भावी योजना तथा नयाँ सेवाहरु

- शाखा सँजाल बढाई ७ वटै प्रदेशमा सेवाहरू विस्तार गर्ने ।
- समय सापेक्ष सुधार गरी लक्षित वर्गमा अत्याधुनिक प्रविधियुक्त लघुवित्तीय सेवा प्रधान गर्ने ।
- कार्यक्रमको प्रभाव मापनका गर्नका लागि संस्थामा यथोचित प्रणालीको विकास गर्ने ।
- ग्राहक संरक्षणका अधारभूत सिद्धान्तहरूलाई आत्मसाथ गर्दै संस्थागत सुशासन थप प्रभावकारी बढाउने ।
- संस्थाले गर्ने खोजेका कार्यान्वयनमा आउन नसकेका नया सेवाहरू मध्येका देहायका सेवाहरू निति तय गरी कार्यान्वयनमा ल्याइने छ ।
- नयाँ थप कर्जाको ब्यबस्था गर्ने । सदस्यहरूलाई सामाजिक आवश्यकताको रूपमा स्वीकारियका कम्पयुटर, फ्रिज, मोवाइल, टेलिभिजन, उपभोग्य वस्तु खरीद कर्जा ल्याइने छ ।

कम्पनी दर्ता नं १९११३०/७४/०७५
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/७३/०७५/०७६

# महिला लघुवित्त वित्तीय संस्था लि.

# Mahila Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था" (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)








### केन्द्रीय कार्यालयः

बनेपा १३ साँगा, काभ्रे । पो.ब.नं.: १९२७०
फोनः ९७७–०११–६६१३२९, ९७७-०१-४४४०९१७/४४३०९७१ (फ्याक्स)
ई–मेलः mlbsl.nepal@gmail.com, वेभ साईटः www.mlbsl.com.np

### सुपरिवेक्षण तथा निरीक्षण कार्यालयहरूः

सिमराः ०५३–५२१३५६, काठमाडौंः ०१–४४२९२७५, नेपालगंजः ०८१–५२२४६८

### शाखा कार्यालयहरूः

| | | |
|---|---|---|
| डिल्लीबजारः ०१–४४२९२७५ | किर्तिपुरः ०१–६२०११२२ | गोल्फुटारः ०१–४३७८७३६ |
| बालाजुः ०१–४३८५२२३ | जोरपाटीः ०१–४९१०२३८ | थानकोटः ०१–४३१०४१८ |
| जडिबुटीः ०१–५१४९०३४ | जर्सिङ्गपौवाः०१–६२०१४२२ | कमलविनायकः ०१–६६१९८७४ |
| चापागाउँः ०१–५५७१५२२ | हेटौंडाः ०५७–५२३४८८ | सिमराः ०५३–५२१३५६ |
| कलैयाः ०५३–५५०९०६ | जनकपुरः०४१–५२४९४७ | विरगंजः ०५१–५३०८६० |
| बाँसगढीः ०४१–५२४९४७ | गुलरियाः ०८४–४२०४७२ | टाँडीः ०५६–५६०५३३ |
| बर्दघाटः ०५६–५६०५३३ | ढल्केवरः ०४१–५६०२१३ | कोहलपुरः ०८१–५४०१०९ |
| चन्द्रपुरः ०५५–५४०१२७ | गितानगरः ०५६–४००३०९ | बुटवलः ०७१–५०८२१७ |
| नेपालगंजः ०८१–५२२४६८ | लम्कीः ०९१–५४०५३८ | कोहलपुरः ०८१–५४०१०९ |
| सुखडः ०९१–४०३११२ | अत्तरियाः ०९१–५५०६४९ | हरिवनः ०४६–५३०७६२ |
| जलेश्वरः ०४४–५२१०३५ | धनगढीः ०९१–५२३३८२ | बेलौरिः ०९९–५८०४३७ |
| महेन्द्रनगरः ०९९–५२१६०९ | भोटेवडारः ०६६–४०००२० | सांगाः ०११–६६१३२९ |
| ढिकुरेः०१०–४१८००७ | देवघाटः ९८४३६७५९८६ | नगराइनः ९८१९८०५६९२ |
| बबियाचौरः ९८५८०६०१२१ | पालुङ्टार ९८६१०४२१५६ | |

## पृष्ठभूमि (Background)

महिला लघुवित्त वित्तीय संस्था लि.द्वारा न्यून आय भएका विपन्न समुदाय खास गरी आर्थिक एवं सामाजिक विभेदबाट पिडित, दलित, जनजाति, मधेशी महिलाहरूलाई दीगो लघुवित्त सेवा प्रदान गर्न महिला लघुवित्त वित्तीय संस्था लि.दर्ता कम्पनी दर्ता ऐन अन्तर्गत २०७५ साल जेष्ठ २४ गते नेपाल सरकार कम्पनी रजिष्टारको कार्यालय काठमाडौंमा दर्ता भएको एक राष्ट्रिय स्तरको "घ" वर्गको लघुवित्त पब्लिक कम्पनी हो।

महिला अधिकार तथा विकास केन्द्रद्वारा वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी पहिलो संशोधन ऐन २०५५ र यस ऐन अन्तर्गत बनेको वित्तीय मध्यस्थता सम्बन्धी ऐन २०५६ बमोजिम नेपाल राष्ट्र बैंकबाट अनुमति पत्र प्राप्त गरी २०५२ सालबाट वित्तीय सेवाको सरल पहुँच नभएका तथा कम आय भएका विपन्नवर्गका परिवारका लक्षित महिलाहरूलाई आय मुलक कार्यमा संलग्न गराउन उनीहरूका निरन्तर लघुवित्त कार्यक्रम संचालन गर्दै आइरहेकोमा उक्त कार्यक्रमलाई महिला अधिकार तथा विकास केन्द्र र महिला लघुवित्त वित्तीय संस्था लि.बीच भएको सम्झौता बमोजिम सम्पूर्ण सम्पत्ति तथा दायित्व हस्तान्तरण भई नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको राष्ट्रियस्तरको महिला लघुवित्त वित्तीय संस्था लि. महिला अधिकार तथा विकास केन्द्र, माच्छापुच्छे बैक र १८ जना लघुवित्त क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरूको लगानीमा मिति २०७५ कात्तिक १ गतेबाट रूपान्तरण भई विधिवत रूपमा लघुवित्त कारोवार शुरू भएको हो।



## परिकल्पना (Vision)

गरीबीको रेखा मुनी बाँची रहेका परिवारहरूलाई गरीबी मुक्त समृद्ध समाज स्थापना गर्ने। गरीब तथा विपन्नवर्गको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउन वित्तीय कारोवारको माध्यमबाट सक्षम, दीगो आत्मनिर्भर परिवार, समाज र राष्ट्रको निर्माण गर्ने।

## अभियान (Mission)

स्थानीय साधन श्रोतको अधिकतम परिचालन गरी ग्रामीणस्तरमा विपन्नवर्गको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउन नेतृत्ववादी भूमिका निर्वाह गर्ने, आधारभूत, खाद्यान, लत्ताकपडा, स्वास्थ्य, शिक्षा तथा आवासमा खर्च गर्ने सिकाई रोजगारीको श्रृजना गर्ने, तथा लघुवित्त कार्यक्रममा सहयोग पुग्ने विभिन्न सामाजिक कार्यक्रम गर्ने, सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामीण तथा शहरी विपन्नवर्गको आर्थिक, सामाजिक अवस्था सुधार गर्ने।

## उद्देश्य (Objectives)

ग्रामिण क्षेत्रका गरिब महिलाहरूलाई स्थानीय साधन श्रोतको अधिकतम परिचालन गरी ग्रामीणस्तरमा बिपन्नवर्गको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउनु रहेको छ। पिछडिएका समुदायका महिलाहरूको सशक्तिकरण गर्ने। उद्यमशिलताको विकास गर्ने। ग्राहक मैत्री लघुवित्त सेवाहरूको विकास गर्ने। अति विपन्न परिवारहरूलाई लघुवित्त कार्यक्रम पुऱ्याउने।

## रणनीति (Strategic)

महिलाहरू तथा संस्थाको समग्र विकासको निम्ती विभिन्न रणनीतिहरू अपनाईएको छ। जस्तै स्थिरता, समग्र विकास, खर्च नियन्त्रण प्रणाली आदि।

## पूँजीको संरचना (Capital Structure)

वित्तीय संस्थाको अधिकृत पूंजी २० करोड जारी पूंजी १० करोड र चुक्ता पँजी ६ करोड रहेको छ।

## वित्तीय संस्थाको श्रोत (Resources)

शेयरधनीहरूबाट प्राप्त पूंजी, सदस्यहरूबाट बचत, विभिन्न कोषहरूमा रहेको रकम र बाणिज्य बैक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा समेत परिचालन गरी लक्षित बर्गमा सेवा प्रधान गरिएको छ।

## लघुवित्त परिचय (Introduction to Microfinance)

सामूहिक जमानीमा बसी, न्यून आय भएका विपन्नवर्ग तथा आर्थिक एवं सामाजिक विभेदबाट पिडित, दलित, जनजातीहरूलाई आवश्यक स-साना कर्जा रकम, बचत बीमा तथा अन्य वित्तीय सुविधा उपलब्ध गराई उनीहरूको आर्थिक एवं सामाजिक स्थितिमा सुधार ल्याउने कार्यक्रमलाई नै लघुवित्त कार्यक्रम भनिन्छ।

## कार्यान्वयन प्रक्रिया :

कार्यक्रम सञ्चालन गरिने क्षेत्र

↓

लक्षित वर्ग पहिचान

↓

समूह प्रवेश पूर्व तालिम

↓

समूह गठन

↓

केन्द्र गठन

↓

मासिक रुपमा केन्द्र बैठक

↓

तालिम तथा गोष्ठी

↓

जनलेखा परीक्षण









## सेवा तथा सुविधा:

वित्तीय संस्थाले शाखा संजाल मार्फत गर्ने सेवाहरू:

### कर्जा (Loan Products)

#### बिना धितो (Non-Collateral Based)

१) **साधारण कर्जा (General Loan):** साधारण कर्जा वित्तीय संस्थाको मुख्य कर्जा सेवा हो, जुन कर्जा सबै किसिमका उत्पादनमूलक उद्देश्यका लागि लगानी गरिन्छ। साधारण कर्जाको सीमा ऋणी सदस्यले लिएको ऋण संख्याको आधारमा व्यक्तिगत रूपमा क्रमश: वृद्धि गरी ३ लाखसम्म रहेको छ। यस कर्जाको चुक्ता अवधि २ बर्ष सम्मको रहेको छ।

२) **मौषमी कर्जा (Seasonal Loan):** सदस्यहरूको नगदे वाली उत्पादन, घुमन्ते फलफुल व्यवसाय तथा अन्य मौषमी व्यवसायका लागि रू.४० हजारसम्म मौषमी कर्जा प्रदान गरिन्छ। यस कर्जाको चुक्ता अवधि एक वर्ष भन्दा नबढ्ने गरी वर्षमा ३ पटकसम्म लिन सकिने छ।

३) **आकस्मिक कर्जा (Emergency Loan):** सदस्यहरूलाई औषधी उपचार, सामाजिक वा अन्य आकस्मिक कार्यका लागि रू.५ हजारसम्म अधिकतम ६ महिनाका लागि आकस्मिक कर्जा प्रदान गरिन्छ। आवश्यक परेका बेला केन्द्रमा नै उक्त रकम दिइने छ।

४) **विशेष कर्जा (Special Loan):** ३ वर्षदेखि नियमित रूपले कर्जा कारोबार गरेका साथै उत्कृष्ट ऋणी सदस्यको पहिचान बनाएका र व्यवसायमा संलग्न रहेका सदस्यहरूलाई आवश्यक परेको समयमा अधिकतम रू २० हजारसम्म आवश्यकता अनुसार कर्जा लिन र बुझाउन सकिने गरी १ वर्ष अवधिका लागि विशेष कर्जा प्रदान गरिन्छ।

५) **लघुउद्यम कर्जा (Micro-Enterprise Loan):** सदस्यहरू जोसंग प्रशस्त उद्मशील सीप तथा ज्ञान छ, त्यस्ता सदस्यलाई परियोजना तथा व्यवसाय प्रबर्द्धनका लागि परियोजना तथा व्यवसायको आयु र त्यसबाट हुने आयका आधारमा कार्य विधीमा उल्लेख भए अनुसार विना धितो बढिमा ३–५ वर्षका लागि अधिकतम रू.५ लाखसम्म लघुउद्यम कर्जा प्रदान गरिन्छ।

६) **मातृत्व कर्जा (Motherhood Loan):** संस्थाको कार्यक्रममा सहभागि महिला सदस्यहरू तथा निजका एकाघरका अन्य महिलाहरूलाई तथा एकाघरका परिवारको सदस्य मध्ये सुरक्षित मातृत्व सेवा तथा स्त्रीरोग सम्बन्धी रोगहरूको उपचारका लागि आर्थिक सुरक्षा प्रदान गरी प्रत्येक सदस्यलाई स्वस्थ नागरिक बनाई सफलता पूर्वक आय आर्जनका चालु व्यवसायहरू सञ्चालनमा सहयोग पुऱ्याउने निम्ती अधिकतम रू ४० हजार सम्म कर्जा प्रदान गरिन्छ।

#### धितो (Collateral Based)

१) **घर निर्माण कर्जा (Housing Loan):** केहि गर्ने विश्वास भएका सदस्यहरूलाई, उनीहरूको जग्गा धित्तो राखि ५ वर्ष अवधिका लागि अधिकतम रू ५ लाखसम्म कर्जा प्रदान गरिन्छ।

२) **लघुउद्यम धितो कर्जा (Collateral Loan):** केहि गर्ने विश्वास भएका सदस्यहरूलाई, उनीहरूको जग्गा धित्तो राखि ५ वर्ष अवधिका लागि अधिकतम रू ७ लाखसम्म कर्जा प्रदान गरिन्छ।

यसका अतिरीक्त **वैदेशिक रोजगार कर्जा, शैक्षिक कर्जा, वातावरणीय**